# बान्नीगढी जयगढ गाउँपालिकाको

## छैठौं गाउँ सभाका अध्यक्षद्वारा प्रस्तुत

## आर्थिक वर्ष २०७८/०७९ को

## बार्षिक नीति तथा कार्यक्रम, २०७८

बान्नीगढी जयगढ गाउँपालिका

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

## बान्नीगढी जयगढ गाउँपालिकाको छैठौं गाउँ सभाका अध्यक्षद्वारा प्रस्तुत आर्थिक वर्ष २०७८/०७९ को बार्षिक नीति तथा कार्यक्रम :

**यस गरिमामय गाउँसभाका सदस्यज्यूहरु,**

बान्नीगढी जयगढ गाउँपालिकाको छैठौं सभा समक्ष आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएको छु ।यस महत्वपूर्ण घडीमा नेपालको राजनीतिक परिवर्तनको आन्दोलनमा आफनो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइते तथा बेपत्ता योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु । साथै, राष्ट्रियता, स्वाधिनता, सामाजिक न्याय, समानता र संघीय शासन प्रणाली स्थापना गर्न संघर्ष गर्नु हुने सम्पूर्ण नेपाली जनतामा पनि सम्मान व्यक्त गर्दछु ।

वर्तमान अवस्थामा कोभिड १९ महामारीको कारण सिंगो मानव जाति माथि नै ठुलो संकटपैदा भएको छ । विश्व स्तरमै यस महामारीसँग लड्न मौजुदा स्वास्थ्य सेवा र सुविधाहरु अपर्याप्त देखिएका छन् । यस महामारीमा लाखौँ मानिसको ज्यान गइसकेको छ । लाखौँ संक्रमित छन् । यस महामारीबाट संक्रमित भई नेपाल भित्र र बाहिर जीवन गुमाउनु हुने नेपाली तथा विश्वभरिकै सम्पूर्ण महानुभावहरुमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै परिवार जन प्रति गहिरो समवेदना प्रकट गर्दछु । साथै संक्रमित सम्पूर्ण दिदी बहिनी तथा दाजुभाइको शिघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु ।

नेपालको संविधानले संघीय लोकतान्त्रिक नेपालको संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारले राज्य शक्तिको प्रयोग गर्ने व्याख्या गरेको छ । यी तीनै तहका सरकारले आफनो क्षेत्राधिकारभित्र रहेर आर्थिक अधिकार सम्बन्धी कानुन निर्माण गर्ने, विभिन्न निर्णयहरु गर्ने, नीति तथा कार्यक्रमका योजना निर्माण गर्ने, वार्षिक बजेट निर्माण गरी त्यसको कार्यान्वयन गर्ने व्याख्या गरेको छ ।

निर्वाचन हुँदाका बखत हामी निर्वाचित जनप्रतिनिधिहरुले बान्नीगढी जयगढ गाउँपालिकाको समग्र विकासका लागि जनतासँग गरेका प्रतिवद्धताहरुलाई मूर्तरुप दिन हामीसँग भएका सीमित स्रोत, साधन दक्ष जनशक्ति व्यवस्थापनका अप्ठ्याराहरु, संक्रमणकालीन कानुन र विगत वर्षहरु हाम्रा लागि धैरे चुनौतीहरु रहे । यद्यपि आम जनतासँग गरेको बचनबद्धता प्रति हामी सदैव प्रतिवद्ध रहने गाउँवासीमा विश्वास दिलाउन चाहान्छौं ।
जनताका आधारभूत सेवा सुविधा जनताकै सबैभन्दा निकटका निकायहरुबाट प्रवाह गर्दा नै बढी प्रभावकारी हुन्छ भन्ने विकेन्द्रीकरण सम्बन्धी सिद्धान्तको परिस्कृत एवं परिमार्जित रुप नै संघीय शासन व्यवस्था हो । यसैलाई हामीले गाउँ गाउँमा सिंहदरवार पुग्याउने अभियानको रुपमा लिएका छौँ ।

यसै सन्दर्भमा आजको गाउँसभामा हामी दीर्घकालीन सोच र लक्ष्यका साथ आगामी आर्थिक वर्ष मा बान्नीगढी जयगढ गाउँपालिकाले लिनु पर्ने नीति तथा कार्यक्रम तयार गरी गाउँको समृद्धिको खाका कोर्ने अवसरमा जुटिरहेका छौँ।

विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीको कारण विश्व अर्थतन्त्र नै प्रभावित भइरहेको छ र सरकारले उठाउने राजस्वका लक्ष्यहरु पूरा गर्न सकिरहेको अवस्था छैन। कोरोना भाइरस नियन्त्रणका लागि राज्यको ठूलो धनराशी खर्च भइरहेको सर्वविदितै छ। विकास निर्माणलाई तिब्र रुपले अगाडि बढाउनु पर्ने बेलामा कोरोना भाइरस नियन्त्रणका लागि गरिएको बन्दाबन्दीले विकास निर्माणका कार्यहरु प्रभावित भएको र यस वर्षको बजेटलाई समेत प्रभाव परेको कुरा गाउँसभा समक्ष राख्न चाहान्छु।

**आदरणीय गाउँ सभा सदस्यज्यूहरु,**

अब म बान्नीगढी जयगढ गाउँपालिकाले आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु निम्न बमोजिम प्रस्तुत गर्दछु :

- नेपालको संविधानका प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु,
- संघीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा बित्तीय नीतिहरु,
- प्रदेश सरकारले लिएका आर्थिक एवं वित्तीय नीतिहरु,
- स्थानीय आर्थिक कार्य प्रणाली एवं एकल तथा साझा अधिकार सूची,
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,
- नेपालले अन्तर्राष्ट्रि जगतमा जनाएका बिभिन्न प्रतिवद्धताहरु,
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य स्थानीय तहमा सञ्चालन सम्बन्धी ऐन,
- नियमावलीका प्रावधानहरु,
- विकासका समसामयिक मुद्दाहरु : सहस्राब्दी विकास लक्ष्य, दीगो विकाससम्बन्धी नीति, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तीकरण तथा समावेशी विकास,
- बालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, खुला दिसामुक्त तथा सरसफाइ, पूर्ण उर्जा संकट लगायतका अन्य सम्बन्धित विषयहरु,
- निर्वाचनको क्रममा जारी गरिएका निर्वाचन घोषणापत्रहरु,
- विगत आर्थिक वर्षमा गाउँपालिकाले तयार पारेका नीति, कार्यक्रम तथा योजनाहरु,

- विभिन्न राजनीति दलहरु, संघ संस्थाका प्रतिनिधिहरु, गाउँवासी सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीका सल्लाह सुझावहरु,

**<u>आदरणीय गाउँसभा सदस्यज्यूहरु,</u>**

**<u>बान्नीगढी जयगढ गाउँपालिकाका नीति तथा कार्यक्रम तर्जुमाका मुख्य उद्देश्यहरु निम्न रहेका छन् :</u>**

१. गाउँबासीका मौलिक हकको रुपमा रहेका न्यूनतम आधारभूत आवश्यकताको परिपूति गर्ने।
२. सम्पूर्ण विश्व नै कोरोना भाइरसको महामारीको चपेटामा परिरहेको चुनौतीपूर्ण र असहज अवस्थाको सामना गर्ने
३. गाउँबासीलाई आत्मानिर्भरता तर्फ उन्मुख गराउन रोजगारीका नयाँ स्रोतको खोजी गर्ने र गाउँबासीको क्षमताको उच्चतम उपयोग गरी समृद्ध गाउँ बनाउने
४. सीमित स्रोत साधनको बाबजुद पनि भौतिक एवं सामाजिक विकासको पूर्वाधार विकास गरी समृद्ध गाउँ निर्माण गर्ने।

**<u>आदरणीय गाउँसभा सदस्यज्यूहरु,</u>**

**अब म बान्तीगढी जयगढ गाउँपालिकाले २०७८/०७९ मा लिएंका मुख्य नीति तथा कार्यक्रमहरु यस सम्मानित सभा समक्ष राख्न चाहान्छु।**

**<u>१. आर्थिक विकास सम्बन्धी नीतिहरुः-</u>**

**<u>(क) कृषि तथा पशु</u>**

१. भू उपयोग नीतिको आधारमा जमिनको वर्गिकरण गरिने छ।
२. कृषि योग्य जमिन बाँझो राख्न नपाउने नीति लिइने छ।
३. कृषि योग्य जमिनमा सहकारिताको आधारमा चक्लाबन्दी खेतीलाई प्रोत्साहन गरिनेछ।
४. पशुहरुको नश्ल सुधारका लागि कम उत्पादनशिल पशुको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न कृत्रिम गर्भाधान सेवा (Artificial Insemination) सेवा सञ्चालन गरिनेछ।
५. दैवी प्रकोप तथा जंगली हिंस्रक जन्तुहरुको कारणबाट कृषकहरुले ब्यवहोर्नु परेको क्षतिबाट रातह प्रदान गर्न कृषि तथा पशुपंक्षी विमालाई निरन्तर एवं प्रभावकारी बनाइनेछ।
६. कृषि एंव पशुपालन क्षेत्रको दिर्घकालिन विकासमा सहयोग पुग्ने हेतुले कृषि तथ्यांक व्यवस्थापन कृषि सूचीकरण तथा कृषक दर्ता कार्यक्रम सञ्चालन गर्न संघ र प्रदेश सरकारसंग समन्वय गरिनेछ।

७. कृषकहरुको न्यूनतम बचतको ग्यारेन्टी गरिनेछ । यसका लागि कृषकले उत्पादन गर्ने मूल्य, बालीबस्तुको उत्पादन लागतको मूल्याँकन गरेर उचित बचतको ग्यारेन्टी हुने गरी न्यूनतम समर्थन मूल्य तोकिनेछ ।
८. सहकारी संग समन्वय गरी ग्रामिण क्षेत्रबाट आउने कृषि उपजहरुलाइ व्यवस्थित गर्न कृषि उपज संकलन केन्द्र स्थापना गरिनेछ । कृषि उपजहरुलाई निर्यात गर्ने कार्यलाइ प्रवर्धन गरिनेछ । प्रमुख कृषि उपज, पशुपन्छीजन्य तथा मत्स्य उत्पादनमा आत्मनिर्भर हुने र उच्च मूल्यका कृषि उपजहरूको निर्यात वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ । निर्यातयोग्य उच्च मूल्यका कृषि उपजहरूको खेतीलाई प्रोत्साहन गरिनेछ । अर्गानिक खेती प्रणालीलाई प्रोत्साहन र कृषिजन्य उपजको आयातलाई निरूत्साहन गरिनेछ ।
९. कृषि उत्पादनलाई चाहिने मल, बिऊ, औषधि, उपकरण र अन्य आवश्यक सेवाहरु कृषि तथा पशु सेवा केन्द्रमार्फत उपलब्ध गराइनेछ र कृषि जन्य उपजको भण्डारणका लागि शित भण्डारण स्थापना गरिनेछ।
१०. छातासैन र काँडाकोटलाई वर्षे आलु खेतिको ब्लक क्षेत्र विकास गरी कृषकहरुलाई आलु खेती तर्फ आकर्षित गरिनेछ ।
११. व्यक्तिगत तथा प्रतिष्पर्धात्मक अनुदानको सट्टा कृषकहरुले विउ,मल, नश्ल, सिचाइ, बिजुली जस्ता उत्पादनका मूख्य सामानहरुमा अनुदान दिइने नीति दिइनेछ ।
१२. पशु घुम्ती शिविरलाई निरन्तरता दिइनेछ ।
१३. आधुनिक व्यावसायिक बाख्रा, गाई, भैंसी, बंगुर लगायत अन्य पशुपंक्षी फर्मको विकास गर्न जोड दिइनेछ।
१४. कृषिको व्यावसायिकरणका लागि कृषि यान्त्रिकरणमा अनुदान दिइ किसानहरुलाई प्रोत्साहित गरिनेछ ।

## (ख) उद्योग तथा बाणिज्य

१. घरेलु तथा साना उद्योगहरुलाई कच्चा पदार्थको आयात तथा उद्योगजन्य उत्पादनको निर्यात, वस्तुको बजारीकरणमा विशेष सहुलियत दिइनेछ ।
२. बान्नीगढी जयगढ गाउँपालिका भित्र घरेलु तथा साना उद्योगको विस्तार गरिनेछ । स्थानीय सीप, स्रोत र साधनलाई प्रयोग गरी उत्पादन गर्ने लक्षित वर्गलाई अनुदानको व्यवस्था गरिनेछ ।
३. लघु तथा घरेलु उद्योगहरुको तथ्यांक संकलन गरी उद्योगहरुको प्रवर्द्धन र विकासमा जोड दिइने कार्यलाई निरन्तरता दिइनेछ ।
४. युवा स्वरोजगारको लागि सीप विकासको तालिम दिई लघु तथा घरेलु उद्योग संचालन गर्न आर्थिक समस्या व्यहोरि रहेका युवाहरुका लागि सहुलियत दरमा ऋण प्रदान गर्न वित्तीय संस्थाहरुसंग समन्वय गरिनेछ ।
५. उधमीहरुले उत्पादन गरेका सामाग्रीहरुलाई विक्री वितरण गर्न साझा सुविधा केन्द्र स्थापना गरिनेछ ।

## (ग) पर्यटन

१. पर्यटकीय गन्तव्य स्थलको रुपमा पहिचान गरिएका छातासैन, विल्थम, बर्दादेवी मन्दिर, बान्नीगढी मन्दिर, जाल्पादेवी मन्दिर, चन्दामाता मन्दिर, ऐतिहासिक स्थल दर्नाको पञ्चदेवल जस्ता ठाउँहरूमा पूर्वाधार विकास निर्माणमा जोड दिईनेछ ।

२. पर्यटन क्षेत्रको पूर्वाधार विकास गर्दै जाने कार्यलाई निरन्तरता दिइनेछ।
३. सम्भाव्य अन्य पर्यटकीय क्षेत्रको पहिचान तथा प्रचार प्रसार गरिनेछ।
४. आन्तरीक पर्यटन प्रवर्धनका कार्यक्रम सञ्चालन गरिनेछ।

**(घ) सहकारी**

१. गाउँ गाउँमा सहकारीका माध्यमबाट सेवा प्रदान गर्न स्थानीय सहकारी ऐन मार्फत र स्थानीय तहमा हस्तान्तरण भईसकेका सहकारी संस्थाहरुको प्रवर्दनमा जोड दिईनेछ।
२. दशै तिहार जस्ता चाडपर्वका वेला सहुलियत दरमा नुन चिनी जस्ता उपभोग्य सामाग्रीको वितरणलाई प्रभावकारी बनाउन सुपथ मुल्य पसल संचालन गरिनेछ।
३. शिक्षा, तालिम र सूचनाको माध्यमबाट सहकारीको संस्थागत क्षमता विकास र सहकारीसम्बन्धी जनचेतना अभिबृद्धि गर्ने सम्बन्धमा आवश्यक नीतिहरू अवलम्बन गरिनेछ।
४. महिला, गरीब, अपाङ्ग, सीमान्तकृत, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकहरुका साथै आम नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउन सहकारीको पहुँच अभिवृद्धि गरिनेछ।
५. साबिकमा स्थानीय विकास कोषबाट संचालित गाउँ विकास कोषलाई सहकारी सँस्थाको रूपमा प्रवर्द्धन गर्ने नीति लिईनेछ।

**(ङ) खानी तथा खनिज**

- वातावरणमा प्रतिकुल असर नपर्ने गरी प्रचलित कानुन बमोजिम गाउँपालिका भित्र रहेका खोलानालाबाट ढुंगा, गिटी र बालुवा उत्खनन् गरी बिक्री वितरण गर्न आवश्यक नीतिगत प्रबन्ध मिलाइनेछ।

**(च) रोजगार प्रवर्द्धन तथा गरिबी न्यूनीकरण**

१. भारत लगायत तेस्रो मूलुकबाट आएका व्यक्तिलाई प्रत्यक्ष रोजगारी सिर्जना हुने आयोजनाहरुलाई उच्च प्राथमिकता प्रदान गरिनेछ ।
२. बैदेशिक रोजगारीको अनुभव प्राप्त गरी स्वदेश फर्केका मानव संशाधनलाई स्वरोजगारमूलक, आयमूलक तथा उत्पादनमूलक उद्योग, सेवा तथा व्यवसायमा आकर्षित गरिनेछ।
३. वैदेशिक रोजगारबाट (भारत लगातय अन्य मूलुक) आर्जित पूँजी, सीप, अनुभवको प्रयोग गरी स्वदेशमा उद्यमशीलता प्रवर्द्धन क्षेत्रमा लगानी गरी योगदान दिने उद्यमीलाई प्रोत्साहित गरिनेछ।
४. गाउँपालिका स्तरिय योजनाहरुमा भारतबाट फर्केका युवाहरूलाई रोजगार सेवा केन्द्रमा सुचिकृत गराइ प्रत्येक वडामा श्रमिकहरूलाई वडागत रूपमा संचालित आयोजनामा परिचालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गरिनेछ।
५. कोभिडबाट रोजगार गुमेका युवाहरुलाई लक्षित गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

## २. सामाजिक विकास सम्बन्धी नीति

### (क) शिक्षा

१. शिक्षण सिकाई क्रियाकलापमा विद्यार्थी, शिक्षक, अभिभावकहरूको उत्साहजनक सहभागिताका लागि उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक र प्रधानाध्यापक र उत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीलाई सम्मानित एवं प्रोत्साहित गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२. विद्यालयका शैक्षिक सूचना र तथ्याङ्कहरूलाई एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा अध्यावधिक गर्ने क्षमताको विकासका लागि शिक्षकहरूको सहभागितामा अभिमूखिकरण तालिम संचालन गरिनेछ।

३. सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारिहरूको क्षमता अभिवृद्धि गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्न व्यवहारिक तालिम संचालन गरिनुका साथै कोरोना भाईरस कोभिड-१९ ले निम्त्याएको विषम परिस्थितिबाट पाठ सिक्दै बैकल्पिक माध्यमबाट सिकाई सहजिकरण गर्न शिक्षकहरूको लागि सूचना प्रविधि तालिम संचालन गरी विद्यार्थीहरूका लागि उपयोगी हुने श्रव्य दृश्य पाठको विकास गर्न सक्षम बनाईनेछ।

४. गाउँपालिका भित्रको शैक्षिक प्रणालिलाई नियमन गर्न बनाइएका शिक्षा ऐन, नियमावली, र कार्यविधि जस्ता कानूनी दस्तावेज क्रमशः कार्यान्वयन गरिदै लगिनेछ।

५. गाउँपालिकाको शैक्षिक विकासका लागि योजना वद्ध कार्य गर्न सरोकारवाला सबैको सहभागीता र अपनत्वहुने गरी गाउँ शिक्षा योजना (VEP) कार्यान्वयन गर्दै लगिनेछ।

६. विद्यार्थीहरूको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गर्न सृजनात्मक र अतिरिक्त क्रियाकलापलाई पठन पाठनको अभिन्न अंग बनाई यस्ता कार्यक्रम नियमित रूपमा संचालन गर्न विद्यालयलाई प्रोत्साहित गरिन्छ।

७. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने क्रियाकलापमा जोड दिइनेछ।

८. सामुदायिक विद्यालयलाई क्रमशः प्रविधि उन्मुख बनाईनेछ, कक्षा दाहोऱ्याउने दर, विद्यालय छाड्ने दरलाई घटाईनेछ।

### (ख) स्वास्थ्य सेवा

१. कोरोनाको लक्षण देखीएकाहरुको स्वास्थ्य परिक्षण तथा उपचारका लागि आवश्यक व्यवस्थापन गरिनेछ।

२. कोरोनाबाट बच्न अपनाउनु पर्ने ब्यवहारहरुबारे वडा तथा टोलस्तरमा जागरण कार्यक्रम संचालन गर्ने, स्वास्थ्य सामाग्री उपलब्ध गराउने तथा स्वास्थ्यकर्मीहरुलाई ढुक्क संग सेवामा खटिने वातावरण तयार पारिनेछ।

३. कोभिड-१९ तथा बिभिन्न बिपत उद्धारमा खटिने स्वयंसेवक तथा स्वास्थ्यकर्मीहरूको मनोवल उच्च राख्न स्वास्थ्य बिमा लगायतका अन्य प्रोत्साहनमूलक कार्यक्रम ल्याइनेछ।

४. सामाजिक विकास मन्त्रालयबाट प्राप्त भएको एम्बुलेन्स लाई महामारी रोकथाम सुत्केरी महिला, वृद्धवृद्धा लाई लक्षित गरी सेवा प्रदान गरिनेछ।

५. गाउँपालिकामा स्वास्थ्य बीमा कार्यक्रमलाई उच्च प्राथमिकता दिइनेछ।

६. गर्भवती महिलाहरुको स्वास्थ्य अवस्थामा ध्यान दिन ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम मासिक रुपमा प्रत्येक स्वास्थ्य संस्थाहरुबाट घुम्ती सेवा मार्फत संचालनका लागि ब्यवस्था गरिनेछ।

७. जेष्ट नागरिक लक्षित गरी म स्वस्थ मेरो गाँउ स्वस्थ गाँउपालिका अध्यक्ष स्वास्थ्य कार्यक्रम समुदाय स्तर सम्म सञ्चालन गरिनेछ।

८. मातृमृत्युदर मध्यनजर गर्दै सुत्केरी घरभेट कार्यक्रम सञ्चालन गरिनेछ।

९. एच. आइ. भि. संक्रमित व्यक्तिलाई बार्षिक पोषण खर्च जीवन निर्वाह खर्च तथा स्वयमसेवक परिचालन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०. ५ शैय्याको कोरोना अस्पताललाई आवश्यक स्वास्थ्य सामाग्री सहित व्यवस्थापन गरिनेछ।

११. भालुमारेमा १५ शैय्याको आधारभूत अस्पताल निर्माण कार्यलाई अगाडी बढाइएकोछ।

१२. पोषणमैत्री गाउँपालिका घोषणा गर्ने कार्यको थालनी गरिनेछ।

## (ग) संस्कृतिको प्रवर्द्धन तथा सामाजिक समावेशिता

१. महिला, युवा, अपाङ्ग तथा बाल अधिकारको सुनिश्चिताका लागि सरकारी, गैर सरकारी र निजी क्षेत्रका सबै सरोकारवालासँग सहकार्य गरिनेछ।

२. लक्षित वर्गहरुको क्षमता विकासको लागि आवश्यक कार्यक्रम तथा योजना बनाई कार्यान्वयन गरिनेछ।

३. बिभिन्न लक्षित बर्गहरुलाई क्षमता विकासको लागि लैङ्गिक उत्तरदायी बजेटको तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।

४. पूर्ण रूपमा अपाङ्गता भएका र अरूको साहरामा जिवन निर्वाह गर्ने व्यक्तिहरूको निम्ति जिवन निर्वाह कार्यक्रमलाई निरन्तरता दिईनेछ।

५. सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरुको पहिचान तथा संरक्षण गरिनेछ।

६. युवाहरुमा सिर्जनात्मक क्षमताको विकास गरी सीपमूलक र व्यवसायिक तालिम मार्फत स्वरोजगार सिर्जना हुने कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

७. गाउँ क्षेत्रभित्र छुवाछुत, तथा सामाजिक विभेदलाई पूर्ण रुपमा अन्त्य गर्न आवश्यक कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण (GESI) नीति बनाईनेछ।

९. कम उमेरमा गरिने विवाहलाई निरुत्साहित गरिनेछ।

१०. स्थानीय भेषभुषा, पहिरन, कला संस्कृति, लोपन्मुख बाजागाजा संरक्षणको लागि विशेष पहल गरिनेछ।

११. समुदायमा रहेका स्थानीय पाटीपौवा, पटकानी र धार्मिक तथा सार्वजनिक स्थलहरुको संरक्षण तथा सम्वर्द्धन गरिनेछ।

१२. महिलाहरुको क्षमता विकास तथा मूल प्रभावहिकरण गर्न महिला सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१३. दलितहरुको क्षमता विकास तथा उत्पादकत्व वृद्धि गर्न दलित लक्षित कार्यक्रमहरुलाई प्रोत्साहन गरिनेछ।

१४. ज्येष्ठ नागरिकहरुको सुरक्षा तथा सम्मानित जीवनयापन गर्न ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना गर्न पहल गरिनेछ।

१५. सामाजिक सुरक्षा भत्तालाई थप व्यवस्थित तथा छिटो छरितोरुपमा लाभग्राहीहरुले प्राप्त गर्ने कार्यका लागी बैङ्कसंग समन्वय गरी जनताको घरदैलोमा सेवा पुर्‍याइनेछ।

१६. सामाजिक सुरक्षाबाट बञ्चित एकल जीवन ज्यून बाध्य भएका महिला, बालबालिका तथा साहाराविहिन लगायत असहाय व्यक्तिहरुका लागि एउटा छुट्टै कोषको व्यवस्था गरिनेछ।

## ३. पूर्वाधार विकास नीति

१. सडकको क्षेत्राधिकार मिचिने गरी मानव निर्मित समस्या खडा गर्ने कार्य पूर्ण रुपमा निरुत्साहित गर्न विनियम, कार्यविधि र निर्देशिका बनाई लागु गरिनेछ। सडकको क्षेत्र (Right of Way) नियमानुसार अनिवार्य छोड्न छोडाउन पहल गरिनेछ।

२. सडकलाई निरन्तर सञ्चालन गर्नका लागि पक्की पुल, पानीका ढल तथा नाली व्यवस्थापन गरिनेछ साथै प्रत्येक वडाहरुमा क्रमिक रुपमा मोटरबाटोलाई स्तरोन्नति गरिनेछ।

३. गाउँपालिकाको सबै वडाहरु तथा टोलहरुलाई समेट्ने गरी सडक विस्तार भईरहेको मोटरबाटोलाई रणनीतिक महत्वको मोटरबाटोको स्तरोन्नति गरी बाह्र महिना चल्ने बनाइनेछ। गाउँपालिका क्षेत्रमा रहेका सडकलाई वर्षैभरी सञ्चालन गर्नका लागि सडक मर्मत सम्भार समूह (Road Maintenance Group) परिचालन गरी सडक मर्मत गरी स्तरोन्नति गरिनेछ।

४. आवधिक गाउँ विकास योजनाको कार्यान्वयनमा जोड दिदै नदी तटबन्धनको गुरु योजना तयार गर्ने सडक, खानेपानी र सिचाइ क्षेत्रको प्राथमिकताका आधारमा गुरु योजना बनाइनेछ।

५. विद्युत नपुगेका गाउँ तथा टोलहरुमा ग्रामिण विद्युतीकरण मार्फत विद्युत सेवा प्रवाह गरिनेछ। विद्युत पुर्‍याउन नसकिने दुर्गम टोलहरुमा बैकल्पिक उर्जाको कार्यक्रम मार्फत सौर्य उर्जा उपलब्ध गराइनेछ।

६. संघीय सरकार र प्रदेश सरकारको समन्वयमा गाउँ भित्र खर परालले छाएका सबै गाउँ वासी जनताको छानो जस्तापाताले छाउने व्यवस्था मिलाइनेछ।

७. पूर्वाधार व्यवस्थापन प्रणाली (IMS) मार्फत आयोजनाहरुको लगत स्टिमेट, सम्झौता लगायत अनुगमन तथा व्यवस्थापन कार्य गरिनेछ।

८. गाउँपालिका भरी स्वच्छ, सफा खानेपानीको व्यवस्था गर्न एक घर, एक धारा खानेपानी उपलब्धताको लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९. खानेपानी आयोजनाहरु सञ्चालन गर्दा विगतमा सुरु गरिएका क्रमागत आयोजनाहरुलाई प्राथमिकता राख्दै थप सम्भावना र आवश्यकतालाई मध्यनजर गरी कार्यक्रम तर्जूमा गरिनेछ।

१०. गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि उचित स्थानमा जग्गाको प्रबन्ध गरी भवन निर्माण प्रक्रियालाई अगाडी बढाइनेछ।

११. सामुदायिक विद्यालयको भौतिक संरचना अन्तर्गत विद्यालय भवन, खानेपानी तथा शौचालय निर्माण गरिनेछ।

**(ख) सूचना तथा सञ्चार प्रविधि**

१. गाउँपालिकाको प्रत्येक वडामा आधुनिक सञ्चार बिस्तारको अभियानलाई साकार तुल्याउन प्रत्येक वडाहरुमा इन्टरनेट सेवा जडान गरिसकेकोले यसको दिगोपनालाई विषेश ध्यान दिईनेछ।

२. डिजिटल नोटिस बोर्ड, LED नोटिसबोर्डको प्रयोग गरी गाउँपालिकामा भइरहेका विभिन्न गतिविधिहरु निरन्तर अद्यावधिक गरिनेछ।

३. गाउँपालिका भित्रका सम्पूर्ण कार्यालयमा हस्ताक्षरित हाजिरी प्रणाली लाई पूर्ण रुपमा विस्थापित गरेर इहाजिरी प्रणालीको विकास गरी प्रशासनिक चुस्ततालाई कायम गरिनेछ।

४. गाउँपालिका स्तरीय सूचना प्रविधि केन्द्र र वडाहरूमा सामुदायिक सूचना प्रविधि केन्द्रको स्तरोन्नतिको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

५. प्रत्येक वडा कार्यालयमा अनलाइन प्रणालीबाट व्यक्तिगत घटना दर्ता गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

६. हाल सञ्चालनमा रहेको इन्टरनेट सेवालाई थप प्रभावकारी बनाउन गाउँपालिका कार्यालय, स्वास्थ्य चौकी, वडा कार्यालयहरु तथा विद्यालयहरुमा द्रुत गतिको इन्टरनेट सेवा जडान गरिने व्यवस्था मिलाइनेछ

७. जयगढ बीच बजारमा रहेको बर्दादेवी सामुदायिक अध्ययन केन्द्रको उचित व्यवस्थापन गरी सबैको पहुँचयोग्य बनाइनेछ।

८. गाउँपालिकाले आफ्नै सामुदायिक एफ.एम. रेडियो स्थापना गर्ने नीति लिइनेछ।

**४. वन, वाताबरण, फोहोर मैला तथा विपद व्यवस्थापन**

**(क) वातावरण संरक्षण तथा फोहोर मैला व्यवस्थापन**

१. विकासात्मक गतिविधिहरु सञ्चालन गर्दा सडक क्षेत्रहरुमा वृक्षरोपण अभियानलाई लागु गरिनेछ।

२. गाउँपालिकामा रहेका जोखिमयुक्त क्षेत्रहरूलाई नियन्त्रण र संरक्षण गरिनेछ।

३. जल तथा भूमिको संरक्षण साथै भूमिको उत्पादकत्व वृद्धि गरी कृषि उत्पादन बढाउन, सहयोग पुऱ्याउन जलाधार क्षेत्रको एकिकृत संरक्षण तथा व्यवस्थापन गरिनेछ।

४. वातावरण अनुकुलका वन पैदावारहरुको विस्तार, विविधिकरण गरिनेछ । वातावरण संरक्षण र व्यवस्थापन गरिनेछ।

५. स्वच्छ खानेपानीको मुहानहरु पहिचान तथा खोजी गरी पानीका मुहानहरुको संरक्षण गरिनेछ।

६. सफा सुन्दर हराभरा: हाम्रो राम्रो बान्नीगढी जयगढ गाउँपालिका अभियान संचालन गरिनेछ। फोहोर मैला व्यवस्थापनका लागि चेतनामूलक कार्यलाई निरन्तरता दिइनेछ।

७. डम्पिङ साइड व्यवस्थाको उचित प्रबन्ध गरिनेछ ।

**(ख) विपद व्यवस्थापन**

१. विपदबाट हुने क्षति न्यूनिकरणका लागि तत्काल राहत र उद्धारका कार्यमा जोड दिइनेछ । यस कार्यमा प्रहरी, सहयोगी संस्था र सम्बन्धित निकायहरुको परिचालनमा जोड दिइनेछ ।

२. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्यूनिकरण सम्बन्धी कार्ययोजनालाई कार्यान्वयनमा ल्याइनेछ ।

**५. खेलकुद**

१. खेलकुद सम्बन्धी कार्यक्रम सञ्चालन गरिनुका साथै हाल सञ्चालनमा रहेका खेल मैदानको स्तरोन्नति गरिनेछ ।

२. युवाहरुलाई खेलप्रति आकर्षित गरिने कार्यक्रम सञ्चालन गरिनेछ ।

**६. शान्ति सुरक्षा**

- गाउँबासीहरुको शान्ति सुरक्षा एवं अमनचयन कायम गर्न आवश्यक नीति अवलम्बन गरिनेछ ।

**७. न्यायिक समिति**

- गरिब असहाय तथा पछाडि पारिएका व्यक्तिहरुको लागि नि:शुल्क कानुनी परामर्श तथा सहयोग उपलब्ध गराइनेछ ।

**८. सुशासन तथा संस्थागत विकास**

**८.१) कर सम्बन्धी नीति**

- बान्नीगढी जयगढ गाउँपालिका भित्र सञ्चालनमा रहेका साना-ठुला सबै व्यापार व्यवसायलाई अनिवार्यरुपमा दर्ता प्रक्रियामा ल्याइ राजश्व संकलनमा वृद्धि गरिनेछ ।
- आर्थिक वर्ष २०७८/७९ बाट एकिकृत सम्पत्ति कर लागु गर्ने कार्यको थालनी गरिनेछ ।
- आ.व. २०७८/०७९ मा सम्पूर्ण कर यथावत राख्ने नीति अवलम्बन गरिने छ ।

**८.२) वित्तीय व्यवस्थापन सम्बन्धी नीति**

- खर्च गर्ने अख्तियारी र खर्चको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ एवं प्रचलित आर्थिक ऐन, नियम बमोजिम गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकामा भएको आम्दानी तथा खर्चको मासिक विवरण गाउँपालिकाको वेभसाइटमा राखिने व्यवस्था मिलाइनेछ ।

- कार्य सम्पादनका आधारमा उत्कृष्ठ कार्य सम्पादन गर्ने शाखा तथा वडा कार्यालयलाई प्रोत्साहन स्वरुप कार्यालय व्यवस्थापन तर्फ थप बजेटको व्यवस्था मिलाइनेछ।

## ८.३) कर्मचारी तथा सेवा प्रवाह सम्बन्धमा

- कार्य सम्पादनका आधारमा निश्चित मापदण्ड बनाई यस गाउँपालिकामा कार्यरत कर्मचारी मध्ये सर्वोउत्कृष्ठ १ जना र उत्कृष्ठ ५ जना कर्मचारीलाई सम्मान गर्ने व्यवस्था मिलाइनेछ।
- कर्मचारीको मनोवल उच्च राख्दै सेवा प्रवाहमा गुणस्तरीयता कायम गर्न कर्मचारी प्रोत्साहन भत्ताको व्यवस्था मिलाइनेछ।

## ९. विविध

- जंगली जनावरको आक्रमणको न्यूनीकरणका लागि आवश्यक नीति लिइनेछ यस कार्यलाई सुरक्षा निकायसँग समन्वय गरी निरन्तरता दिइनेछ।
- बान्नीगढी जयगढ गाउँपालिकाभित्र रहेका भूमीहिन तथा सुकुम्बासीलाई लालपूर्जा वितरण गर्ने कार्य अगाडी बढाइनेछ।

***आदरणीय सम्मानित गाउँसमा सदस्यज्यूहरु,***

लोकतान्त्रिक विधि र पद्धतिहरुबाट निर्माण गरेका नीति तथा कार्यक्रमहरुको प्रभावकारी र व्यवस्थित कार्यन्वयन गर्न सबै विकास साभेदारहरुसँग सहकार्य रचनात्मक सहयोग तथा साझेदारीको अपरिहार्यता छ। यसैले यस सम्मानित गाउँसभा मार्फत समृद्ध गाउँपालिका निर्माणको महाअभियानमा यहाँहरुको सहकार्यको लागि सम्पूर्ण सरकारी, निकायहरु, निजीक्षेत्र, अन्तर्राष्ट्रिय संघ संस्थाहरु, गैर सरकारी संघ संस्थाहरु, विभिन्न विकास साभेदारहरु, टोल विकास संस्थाहरु एवं अन्य सम्पूर्ण सरोकारवालाहरुसँग हार्दिक अनुरोध गर्न चाहान्छु।

***अन्त्यमा,***

प्रस्तुत नीति तथा कार्यक्रमले यस गाउँपालिकाको समग्र विकासमा सकारात्मक र दुरगामी प्रभाव पार्ने विश्वास लिँदै आगामी आर्थिक वर्ष २०७८/०७९ को प्रस्तावित नीति तथा कार्यक्रम मस्यौदा तयार पार्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने गाउँसभाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, कर्मचारीहरु, विषय विज्ञ महानुभावहरु, राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, गैर सरकारी संस्थाका साझेदार मित्रहरु, टोल विकास संस्थाका मित्रहरु, विकास साभेदार मित्रहरु, शिक्षक, सम्पूर्ण गाउँवासी दाजुभाइ दिदी बहिनीहरु, गाउँको हरेक गतिविधिको बारेमा सत्यतथ्य सूचना प्रवाह गरी सहयोग पुऱ्याउनु हुने संचारकर्मी मित्रहरु एवं राष्ट्रसेवक कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**“समृद्धिको आधारः बान्नीगढी सरकार”** भन्ने हाम्रो नारालाई सार्थक बनाउन हामी सबै गाउँपालिकाबासी एकढिक्का भएर अगाडी बढ्न सकौं। माता बान्नीगढी, माता बरदादेवी, माता कालिका, माता जाल्पादेवी र माता शोडषादेवीले हामी सबैको रक्षा गरून।

***- धन्यवाद। जय नेपाल***

***मितिः २०७८ असार १०***

**श्री राजेन्द्र बहादुर खड्का**
**गाउँपालिका अध्यक्ष**
**बान्नीगढी जयगढ गाउँपालिका**